नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५

दोस्रो संशोधनः २०८१।११।११

**प्रस्तावनाः** पत्रकारिताको माध्यमबाट युवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने नेपाली पत्रकारहरुलाई पुरस्कृत गर्ने प्रक्रियालाई व्यवस्थित गर्न कार्यविधिको संशोधन वाञ्छनीय भएकोले,

मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "युवा पत्रकारिता पुरस्कार कार्यविधि (दोस्रो संशोधन), २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "विशेष प्राथमिकताको समूह" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका, कर्णाली तथा पिछडिएको क्षेत्रका, आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, मधेशी, थारु, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित तथा आर्थिक रुपमा विपन्न खस आर्य युवालाई सम्झनु पर्छ।*

## परिच्छेद-३

## छनौटको प्रकृया

३. दफा ६. को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

युवा पत्रकारिता पुरस्कार तथा सम्मानको लागि छनौट प्रक्रियाः

समितिले दफा ४ को उपदफा (२) बमोजिमको मुल्याङ्कन तालिकाको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने कम्तिमा एकजना महिला र दफा २ को खण्ड (घ) बमोजिमको एकजना र अन्य दुई जना गरी जम्मा चार जना ।

तर महिला पत्रकार र दफा २ को खण्ड (घ) बमोजिम आवेदन नपरेमा वा आवेदन परेका महिला पत्रकार र दफा को खण्ड (घ) बमोजिमका युवा पत्रकारको दफा ४ को उपदफा (१) बमोजिमको न्युनतम योग्यता नपुगेमा आवेदन परेका मध्ये उत्कृष्ट अङ्क प्राप्त गर्ने पत्रकारलाई पुरस्कार दिन बाधा पर्ने छैन । साथै प्रत्येक वर्ष दफा २ को खण्ड (घ) बमोजिम पुरस्कृत हुने युवा पत्रकारलाई चक्रिय प्रणालीको आधारमा क्रमशः पुरस्कृत गरिनेछ ।*

---

*दोस्रो संशोधनद्वारा संशोधित